श्री

# राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. १७९**

**पुनरावेदन नं. ०७७-RB-०००३**

**मुद्दाः–भन्सार मुल्यांकन (M92036) ।**

पर्सा जिल्ला वीरगन्ज बहुवारी स्थित क्राउन टेक्सटायल्स इण्डष्ट्रिज प्रा. लि. का अध्यक्ष पितामबर कुमार मुनका........................................................१ } पुनरावेदक

**विरुद्ध**

बिरगंज भन्सार कार्यालय पर्सा........................................................१ } प्रत्यर्थी
मुल्याकन पुनरावलोकन समिति त्रिपुरेश्वर काठमाण्डौ....................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- बीरगंज भन्सार कार्यालय पर्सा,

शुरु कार्यालयको निर्णय मितिः–२०७६/०७/०५

**पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

पुनरावलोकन निर्णय गर्ने कार्यालयः- मुल्याङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वर काठमाण्डौ

निर्णय गर्ने पदाधिकारीहरुः- अध्यक्ष श्री यज्ञप्रसाद ढुङ्गेल

सदस्य श्री शिशिर घिमिरे

सदस्य श्री श्रीधर गौतम

मुल्य पुनरावलोकन निर्णय मितिः–२०७७/०१/२८

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ताद्वय श्री विकल्प अग्रवाल

**अवलम्वित नजीरः ×**

प्रस्तुत मुद्दामा वीरगन्ज भन्सार कार्यालय, पर्साको मिति २०७६/०७/०५ को निर्णय र मुल्याङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वर काठमाण्डौको मिति २०७७/०१/२८ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्र यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. SHREECROWN TEXTILES INDUSTRIES PVT. Parsa ले SANGAM (INDIA) LIMITED BHILWARA, INDIA को तारिख 28.09.2019 को बिजक संख्या 934003298, 934003307, 934003319 अनुसार पैठारी गर्न ल्याएको PV Dyed Suiting को भन्सार मूल्य निर्धारणका लागि वीरगन्ज भन्सार कार्यालयमा भन्सार ऐन, २०६४ को दफा १३ (३) बमोजिम मूल्य घोषणा गरी मिति २०७६/०७/०३ मा निवेदन दिएको।

२. प्रस्तुत फर्मले पैठारी गरी ल्याएको मालवस्तुको घोषणा गरिएको मूल्य वास्तविक हो भन्न नसकिएकोले सो बिजक मूल्यलाई पुष्ट्याई गर्ने थप कागजात तथा प्रमाण सात दिनभित्र पेश गर्नु भनी वीरगन्ज भन्सार कार्यालयबाट मिति २०७६।०७।०३ मा माग गरिएकोमा पैठारीकर्ताको तर्फबाट मिति २०७६/०७/०३ मा कागजात समेत जवाफ पेश गरेको।

३. पैठारीकर्ताले पेश गरेको कागजात तथा यस कार्यालयको अभिलेख समेतलाई अध्ययन र भौतिक परीक्षण गर्दा पैठारीकर्ताले घोषणा गरेको मूल्य INR 144/Per mtr वास्तविक हो भन्न नसकिएकोले निजले घोषणा गरेका आधारमा भन्सार ऐन, २०६४ को दफा १३(४) बमोजिम कारोबार मूल्य कायम गर्न नसकिएकोले सोही ऐनको दफा १३ वमोजिम मुल्य बृद्धि गरी आयात गरिएको मालवस्तुको प्रति इकाई INR 200/Per mtr का दरले मूल्य कायम गर्न मनासिब देखिन्छ भनी वीरगञ्ज भन्सार कार्यलयबाट मिति २०७६/०७/०५ मा भएको निर्णय।

४. वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृतबाट भएको निर्णयमा मेरो चित्त नबुझेकोले सो निर्णय पुनरावलोकन गरी पाउँ भनी पैठारीकर्ताले मिति २०७६।०७।१५ मा मूल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वरमा दिएको निवेदन।

५. यसमा निवेदकको दाबी तथा कार्यालयबाट प्राप्त प्रतिकृया समेत अध्ययन/विश्लेषण गर्दा पैठारीकर्ताले पेश गरेको कागजात तथा जानकारीबाट भन्सार अधिकृत सन्तुष्ट हुन नसकी भन्सार ऐन, २०६४ को दफा १३ बमोजिम कारोबार मूल्य कायम गर्न सकिने अवस्था देखिन्छ। पैठारीकर्ताले भन्सार कार्यालयबाट धरौटीमा राजस्व बुझ्न मानेको अबस्था थियो भने सो उपर सम्बन्धित निकायमा कानूनी उपचारका लागि जानुपर्नेमा त्यसो नगरी सम्पुर्ण महशुल बुझाई यस समिति समक्ष निवेदन गरेको र निवेदनमा भन्सार ऐन, २०६४ को दफा ६१ मा उल्लेख गरिएका शर्तहरु पुरा नभएकोले पैठारीकर्ताले दिएको प्रस्तुत निवेदन उपर जाँचबुझ गरिरहनु पर्ने देखिन आएन भनी मूल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट निवेदन दर्ता किताबबाट लगत कट्टा गर्ने गरी  मिति २०७७/०१/२८ मा भएको निर्णय।

६. भन्सार ऐन, २०६४ को दफा १३(१) को अधिनमा रही मालबस्तुको कारोबार मूल्यको आधारमा निर्धारण गर्ने व्यबस्था दफा १३(२) मा उल्लेख रहेकोले दफा १३(१) र (२) को विपरित मूल्यांकन कायम गर्ने गरी निर्णय गरिएको, हामीबाट घोषित र पेश गरिएको प्रतितपत्र लगायतका प्रमाणमा कुनै त्रुटी नभएता पनि त्यसको मूल्यलाई बदर गरी निर्णय गरिएको, आपुर्तिकर्ताबाट जारी भएको बिजक र रकम भुक्तानीको प्रमाणलाई मान्यता नदिईएको, पैठारीकर्ताबाट पेश गरिएको भन्सार महशुल भन्सार कार्यालयबाट धरौटीमा राख्न नमानी राजस्वमा दाखिला गर्न लगाएको, कार्यालयले असुल उपर गर्नु नपर्ने धरौटी रकम असुल गरेको समेतका कारण अन्याय परेको हुँदा विपक्षी कार्यालयबाट मिति २०७६।०७।०५ मा भएको निर्णय त्रुटिपूर्ण रहेकोले उक्त निर्णय र सो निर्णय उपर परेको निवेदनमा भन्सार ऐन, २०६४ को दफा ६१ मा उल्लेख गरिएका शर्तहरु पुरा नभएकोले पैठारीकर्ताले दिएको प्रस्तुत निवेदन उपर जाँचबुझ गरिरहनु पर्ने देखिन आएन भनी भएको मूल्यांकन पुनरावलोकन सम्बन्धी निर्णय समेत बदर गरी विजकमा उल्लिखित मोललाई कारोवार मुल्य कायम गरी पाउँ भन्ने समेत बेहोराको पुनरावेदक क्राउन टेक्सटायल्स इन्डष्ट्रिज प्रा.लि. का तर्फबाट यस न्यायाधिकरणमा मिति २०७७।०४।०५ गते दर्ता भएको पुनरावेदन पत्र।

## ठहर खण्ड

७. नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अध्ययन गरी पुनरावेदकको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री विकल्प अग्रवालले पैठारीकर्ताबाट घोषित र पेश गरिएको प्रतितपत्र लगायतका प्रमाणमा कुनै त्रुटी नहुँदानहुदै पनि त्यस्तो मूल्यलाई बदर गरी निर्णय गरिएको, आपुर्तिकर्ताबाट जारी भएको बिजक र रकम भुक्तानीको प्रमाणलाई मान्यता नदिईएको, पैठारीकर्ताबाट पेश गरिएको भन्सार महशुल भन्सार कार्यालयबाट धरौटीमा राख्न नमानी राजस्वमा दाखिला गर्न लगाएको समेतका निर्णय कानुनसम्मत नभएकोले बदर गरी पुनरावेदकले सुरु भन्सार कार्यालयमा पेश गरेको विल विजक बमोजिम नै भन्सार मुल्याङ्कन हुनुपर्दछ भनी गर्नुभएको बहस समेत सुनियो।

८. पुनरावेदक पैठारीकर्ताका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, पुनरावेदनतर्फका विद्वान कानून व्यवसायीबाट प्रस्तुत बहसका बुँदाहरु र मिसिल संलग्न कागज एवं प्रमाणहरुको अध्ययन गरी हेर्दा पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा घोषणा गरेको कारोवार मूल्यलाई मान्यता नदिई थप मूल्य कायम गर्ने गरी भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको माग वमोजिम वीरगंज भन्सार कार्यालयको निर्णय र भन्सार ऐन, २०६४ को दफा ६१ मा उल्लेख भएका शर्तहरु पुरा नभएको भन्ने मूल्यांकन पुनरावलोकन समितिबाट भएको निर्णय समेत बदर हुनुपर्ने हो, होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

९. अव पैठारीकर्ताको पुनरावेदन जिकीरतर्फ दृष्टिगत गर्दा पैठारीकर्ता क्राउन टेक्सटायल्स इन्डष्ट्रिज प्रा.लि.ले भारतबाट खरिद गरी ल्याएको PV Dyed Suiting को भन्सार मूल्य निर्धारणका लागि वीरगंज भन्सार कार्यालयमा, भन्सार ऐन, २०६४ को दफा १३(३) वमोजिम INR 144/Per mtr कारोबार मूल्य घोषणा गरी निवेदन पेश गरेको देखिन्छ। बिजकमा उल्लिखित मालवस्तुको घोषित मूल्य अन्य पैठारीकर्ताले घोषणा गरेको Asycuda Database तथा अन्य सूचना प्रणाली तथा लोकल मूल्य भन्दा कम हुने गरी घोषणा गरेकोले पैठारीकर्ताले घोषणा गरेको मूल्य वास्तविक नभएको भनी सो वस्तुको प्रति इकाई मूल्य INR 200/Per mtr कायम गरी मालवस्तुको जाँचपास हुने भनी वीरगंज भन्सार कार्यालयबाट निर्णय भएको देखिन्छ। निवेदकको दाबी तथा कार्यालयबाट प्राप्त प्रतिक्रिया समेतको अध्ययन/विश्लेषण गर्दा पैठारीकर्ताले पेश गरेको कागजातबाट मात्र निजको बिल मूल्यलाई यथार्थ मान्न सकिने अवस्था नरहेकोले वीरगंज भन्सार कार्यालयले भन्सार ऐन, २०६४ को दफा १३ वमोजिम मुल्य कायम गरेको देखिन्छ भने भन्सार ऐन, २०६४ को दफा ६१

मा उल्लेख गरिएका शर्तहरु पुरा नगरी पैठारीकर्ताले पुनरावलोकनको लागि दिएको निवेदन उपर जाँचबुझ हुन नसक्ने भनी मूल्याङ्कन पुनरावलोकन समितिबाट समेत निर्णय भएको देखिन्छ। पुनरावेदक कम्पनीले पैठारी गरेको Commercial Invoice को मूल्य वास्तविक भएको र बिजक मूल्य पनि यथार्थ भएको अवस्थामा कम्पनीले पेश गरेको Invoice तथा कागजातहरु सही भएको देख्दा देख्दै कम्पनीले घोषणा गरेको भन्सार मूल्यलाई मान्यता नदिने र  भन्सार ऐन, २०६४ को दफा ६१ मा उल्लेख गरिएका शर्तहरु पुरा नभएको पुनरावलोकनको निवेदन उपर जाँचबुझ गरिरहनु नपर्ने भनी मुल्याङ्कन पुनरावलोकन समितिबाट भएको निर्णय समेत त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भन्ने नै पैठारीकर्ताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

१०. प्रस्तुत मुद्दामा पैठारीकर्ताले भन्सार ऐन,२०६४ को दफा ६१ मा उल्लेख गरेका शर्तहरु पुरा नगरी निवेदन दिएको भनी मुल्याङ्कन पुनरावलोकन समिति निवेदनको औचित्य भित्र प्रवेश नै नगरी लगतकट्टा गरेको देखिँदा सर्वप्रथम सोही विषयमा नै हेर्नु पर्ने देखियो। देश बाहिरबाट पैठारी हुने मालवस्तुको मुल्य निर्धारण गर्दा विश्व व्यापार संगठनको भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता,१९९४ को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न भएको सम्झौतामा उल्लिखित भन्सार मुल्याङ्कन सम्बन्धी नियमहरु, अनुसुची र व्याख्या अवलम्वन गर्नुपर्ने भएकोले यो कार्य आफैमा एक विशेषज्ञतायुक्त अर्ध न्यायिक कार्य देखिन आउछ।

११. भन्सार मुल्य निर्धारणको विशेषज्ञतायुक्त कार्यमा भन्सार अधिकृतले कुनै त्रुटी गरेको भए एक तह पुनरावलोकन गर्नको लागि विभिन्न क्षेत्रका विशेषज्ञहरु रहेको तीन सदस्यीय पुनरावलोकन मुल्याङ्कन समितिको व्यवस्था भन्सार ऐन, २०६४ को दफा ६१ मा गरिएको पाइन्छ। सो समितिलाई भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको भन्सार मुल्याङ्कन ठीक भए नभएको सम्बन्धमा जाँचवुझ गरी भन्सार अधिकृतले गरेको मुल्याङ्कनलाई नै कायम गर्ने, बदर गर्ने, त्यस्ता मालवस्तुको भन्सार ऐन बमोजिम आफैले मुल्याङ्कन गरिदिने वा भन्सार अधिकृतलाई पुनःमुल्याङ्कनको लागि आदेश दिने सम्मका बृहत कानूनी अधिकार विद्यायिकाले नै प्रदान गरेको पाइन्छ। मुल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिंदा भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको मुल्याङ्कन अनुसार लाग्ने महसुल रकम भन्सार कार्यालयमा धरौटी राख्नु पर्ने कुरालाई भने विद्यायिकाले नै वाध्यात्मक शर्तको रुपमा ऐनको दफा ६१ (७) मा व्यवस्था गरेको देखिन्छ। उक्त शर्त पालना नगरी परेको निवेदन उपर जाँचवुझ गरी निर्णय गर्न मुल्याङ्कन पुनरावलोकन समितिलाई कानूनतः बाध्य पार्न मिल्ने देखिदैन।

१२. जहाँसम्म पैठारीकर्ताले कारोवार मुल्यमा बृद्धि गरी कायम भएको भन्सार महसुल धरौटीमा नराखी राजस्वमा राखी दिएको भनी पैठारीकर्ताले लिएको पुनरावेदन जिकिर छ, त्यस सम्बन्धमा हेर्दा, भन्सार ऐन, २०६४ को दफा ६१ को उपदफा (१) मा "भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको निर्णय वा आदेशउपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि त्यस्तो निर्णय वा आदेश भएको मितिले तीस दिनभित्र उपदफा (२) बमोजिम गठित मुल्याङ्कन पुनरावलोकन समिति समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ।" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ भने सोही दफाको उपदफा (७) मा "उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले त्यस्तो निवेदन दिनु अघि भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको मुल्याङ्कन अनुसार लाग्ने महसुल रकम भन्सार कार्यालयमा धरौटी राख्नु पर्नेछ।" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। भन्सार कार्यालयमा भन्सार अधिकृतबाट पैठारी हुने मालवस्तुहरुमा मूल्य वृद्धि गरी भन्सार महसुल कायम भएको अवस्थामा मूल्य वृद्धिमा सहमत हुने पैठारीकर्ताले त्यस्तो मूल्य वृद्धि वापत लाग्ने भन्सार महशुल नेपाल सरकारको राजस्व खातामा जम्मा गर्नुपर्दछ भने असहमत हुने पैठारीकर्ताले त्यस्तो मूल्य वृद्धिवापत लाग्ने भन्सार महसुल धरौटी खातामा जम्मा गरी भन्सार अधिकृतले निर्धारण गरेको कारोबार मूल्य सम्बन्धी निर्णय उपर पैठारीकर्ताले थप न्यायिक उपचारको लागि मुल्याङ्कन पुनरावलोकन समितिमा निवेदन दिन सक्ने व्यवस्था गरिएको देखिन्छ। पैठारीकर्ताले नेपाल सरकारको राजस्व खातामा भन्सार महसुल जम्मा गर्नु भनेको भन्सार अधिकृतले निर्धारण गरेको कारोवार मुल्यमा चित्त बुझाएको र थप न्यायिक उपचार आवश्यक नठानेको मान्नु पर्ने देखिँन्छ। पैठारीकर्ताबाट वीरगन्ज भन्सार कार्यालयमा भन्सार अधिकृतबाट निर्धारण भएको महसुल धरौटीमा बुझाएको कुनै प्रमाण पेश गर्न सकेको देखिदैन। राजस्व खातामा जम्मा गरी मालवस्तु छुटाइ लैजाने वा धरौटीमा रकम जम्मा गरी न्यायिक उपचारमा जाने भन्ने कुरा पैठारीकर्ताले नै छनौट गर्ने विषय हो। यस्तो अबस्थामा पैठारीकर्ताले वीरगन्ज भन्सार कार्यालयबाट निर्धारण भएको महसुल कार्यालयले धरौटी नराखी राजस्व खातामा जम्मा गरिदिएको भनी आफैले गर्नुपर्ने कामलाई कार्यालयको जिम्मा लगाई दोषारोपण गरेको कानूनसम्मत देखिएन। अतः मुल्यांकन पुनरावलोकन समितिबाट भन्सार ऐन २०६४ को दफा ६१ (७) बमोजिमको कानुनी प्रकृया पुरा नगरेको भनी प्रस्तुत मुद्दामा कुनै कारवाही नहुने भनि गरिएको निर्णय कानुन प्रतिकुल रहेको मान्न मिल्ने देखिदैन। साथै, मुल्याङ्कन पुनरावलोकन समितिले निवेदनमा उठाइएका प्रश्नको औचित्य भित्र प्रवेश गरी शुरु वीरगन्ज भन्सार कार्यालयबाट कायम भएको मुल्यको सम्बन्धमा कुनै जाँचवुझ गरेको वा सो सम्बन्धमा कुनै निर्णय

गरेको नदेखिँदा त्यस्तो लगतकट्टा गर्ने गरी भएको निर्णय उपर परेको पुनरावेदनमा यस न्यायाधिकरणबाट समेत सोको औचित्य भित्र प्रवेश गरी मुल्याङ्कन र परीक्षण गर्ने आधार विद्यमान नदेखिँदा यस्तो औचित्यहीन पुनरावेदन पत्र माथि विचार गरिरहनुपर्ने अवस्था देखिएन।

१३. तसर्थः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट भन्सार अधिकृतले बृद्धि गरेको कारोवार मुल्यमा लाग्ने महसुल भन्सार ऐन, २०६४ को दफा ६१ को उपदफा (७) बमोजिम धरौटी नराखी निवेदन दायर गरेको भनी मुल्यांकन पुनरावलोकन समितिबाट भएको मिति २०७७/०१/२८ को निर्णय उपर यस न्यायाधिकरणमा पुनरावेदन पर्न आएको प्रस्तुत पुनरावेदन पत्रको औचित्य भित्र प्रवेश गरी हेर्नुपर्ने अबस्था नदेखिँदा प्रस्तुत पुनरावेदन पत्र खारेज हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. प्रस्तुत मुद्दा फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौंलाई दिनू।
२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिइ नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल वीरगन्ज भन्सार कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>
इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०७९ साल फागुन ५ गते रोज ६ शुभम......................
फैसला प्रमाणिकरण मितिः-
फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप